केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं

"दण्डहिनता विरुद्ध CIB को अभियान"

**बिषय**:- <u>प्रेस विज्ञप्ती</u>

**"बैकिङ कसुर मुद्दामा फरार कसुरदारहरु पक्राउ"**

वादी नेपाल सरकार कसुरदारहरु संजय पोखेल र लक्ष्मी देवी पोखेल समेत भएको **बैकिङ्ग कसूर मुद्दामा** सम्मानित उच्च अदालत पाटनको मिति २०७१/०८/२१ गतेको फैसलाले हेटौंडा उप-महानगरपालिका वडा नं:-२ बस्ने संजय पोखेललाई **३ वर्ष कैद र रु. १,९५,२६,०००/- (एक करोड पन्चानब्बे लाख छवीस हजार) र लक्ष्मी देवी पोखेललाई** रु.७९,२२,०००।–(उनानअसी लाख बाईस हजार जरिवाना ) र २ वर्ष कैद हुने ठहर भएको र उल्लेखित सजाय वेरुजु रही फरार रहेका कसुरदारहरु मध्ये संजय पोखेललाई **मिति २०७६/०७/१७ गते गौशला, काठमाडौंबाट र लक्ष्मी देवी पोखेललाई २०७६/०७/१९ गते पर्सा बिरगंजबाट** पक्राउ गरी मिति २०७६/०७/१९ जिल्ला अदालत काठमाण्डौं र पर्सा मार्फत कैद भुक्तानका लागि कारागार पठाईएको । साथै निज कसुरदारहरुले मिति २०६७।११।२५ गते क्रिष्टल फाईनान्स लि.थापाथलीबाट जग्गा धितो राखी धितो राखेको जग्गाको आफुखुशी अस्वभाविक रुपमा मूल्याङकन गराई कर्जा लिई कर्जा दुरुपयोग गरेका अभियोगमा निजहरुलाई उल्लेखित कैद तथा जरिवाना हुने फैसला भएको थियो ।

**<u>पक्राउ प्रतिबादीहरु:-</u>**



**नाम**:- संजय पोखेल **उमेर**: ३३ बर्ष

**ठेगाना**:- जिल्ला मकवानपुर हेटौंडा उप-महानगरपालिका वडा नं:-२

**मुद्दा:- बैकिङ्ग कसुर**

**जरिवाना रु. १,९५,२६,०००/- कैद**:- ३ बर्ष<br>
**पक्राउ मिति**:- २०७६/०७/१८ गते<br>
**पक्राउ स्थान**:-गौशला, काठमाण्डौं।<br>
**प्रकासित मिति**:- २०७६/०७/१८ गते ।



**नाम:-लक्ष्मी देवी पोखेल**<br>
**उमेर**:५८<br>
**ठेगाना**:- जिल्ला मकवानपुर हेटौंडा उप-महानगरपालिका वडा नं:-२<br>
**मुद्दा:-बैकिङ्ग कसुर**<br>
**जरिवाना**:-रु.७९,२२,०००।–<br>
**कैद**:-२ वर्ष<br>
**पक्राउ मिति**:-२०७६/०७/१९ गते<br>
**पक्राउ स्थान**:-पर्सा,बिरगंज<br>
**प्रकासित मिति**:-२०७६/०७/१९ गते ।

प्रहरी उपरीक्षक

(वेल बहादुर पाण्डे)

प्रवक्ता

सम्पर्क नंबर:- ९८५१२९१३११